# साना सहरी खानेपानी तथा सरसफाई आयोजना
अन्तर्गत
खानेपानी आपूर्ति व्यवस्थाको थप विस्तारका सम्बन्धमा

नगर विकास कोष
र
लेखनाथ नगरपालिका
बीच
मिति २०६२।०८।२० मा दिएको जमानतका अतिरिक्त
थप ऋणका लागि दिएको जमानत

२०७०। ०७ ।११

कार्यकारी अधिकृत

# जमानत सम्झौतापत्र

स्थानीय स्वायत शासन ऐन, २०५५ बमोजिम गठन भई गण्डकी
अंचल कास्की स्थित लेखनाथ नगरपालिकाका तर्फवाट अख्तियार
प्राप्त
कार्यकारी अधिकृत श्री रामचन्द्र पौडेल
(जसलाई यस पछि **"नगरपालिका"** मात्र भनिएको)
र
नगर विकास कोष ऐन, २०५३ बमोजिम स्थापित भई हाल
का.जि.का.म.न.पा. वडा नं. १०, नयां वानेश्वरमा कार्यालय रहेको
नगर विकास कोषका तर्फबाट ऐ.का अख्तियार प्राप्त कार्यकारी
निर्देशक श्री सुशील ज्ञवाली
(जसलाई यस पछि **"कोष"** मात्र भनिएको)

नेपाल सरकार र एशियाली विकास बैंकका बीच १८ डिसेम्बर २००० का दिन सम्पन्न ऋण सम्झौता नं. १७५५-नेप एस.एफ एवं मिति ५ मार्च २००१ मा एशियाली विकास बैंक र नगर विकास कोषका बीच सम्पन्न सहायक ऋण सम्झौताका आधारमा उल्लेखित लेखनाथ उपभोक्ता संस्थाद्वारा तोकिए वमोजिमको खानेपानी तथा सरसफाई आयोजनाको निर्माण, संचालन तथा व्यवस्थापन गर्नका लागि मिति २०६२।०८।२० को ऋण सम्झौता बमोजिमको ऋणमा यस लेखनाथ नगरपालिकाबाट जमानत दिई सो को निरन्तरता रही रहेको अवस्था,

मा

उक्त आयोजनालाई विस्तार गर्नकालागि थप लगानी गर्नकालागि देहायका शर्त बन्देजहरुको पालना गर्ने गराउने गरी दुवै पक्षको मञ्जुरी भएकाले तपसिलमा उल्लेखित साक्षीहरुको रोहवरमा कोषको कार्यालय, काठमाडौमा बसी मिति २०६२।०८।२० को जमानत सम्झौता को अधिनमा रहने गरि यो थप जमानत कागज लेखि सही छाप गरी एक एक प्रति लियौ दियौ ।

**तपशिल**

१. साना सहरी खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत लेखनाथ नगरपालिकामा संचालित खानेपानी आपूर्ती व्यवस्थाको थप निर्माण, विस्तार, संचालन तथा व्यवस्थापन गर्न उपभोक्ता समितिवाट ईष्टमेट गराई पेश भएको लागत अनुमान रकम रु. ५९,९५,९११ ।– (अक्षरेपी उनान्साठी लाख पन्चानब्बे हजार नौ सय एघार मात्र) को कोषको ऋण तथा अनुदान निति अनुरुप ९० प्रतिशतले हुन आउने रकम रु. ५३,९६,३२०।- (अक्षरेपी त्रिपन्न लाख छयानब्बे हजार तिन सय विस मात्र) उक्त आयोजना निर्माण, विस्तार एवं संचालन गरी उपभोक्ताहरुलाई सुविधा तथा कोषको ऋणको भुक्तानीलाई सुनिश्चतता गर्ने उद्येश्यका साथ थप ऋण स्वरुप रु. ५३,९६,३२०।- (अक्षरेपी त्रिपन्न लाख छयानब्बे हजार तिन सय विस मात्र) कोषवाट उपभोक्ता संस्थालाई ऋण उपलब्ध गराएकोमा सो थप रकम वापतको जमानत वस्न नगरपालिका मञ्जुर गरेको छ ।

कार्यकारी अधिकृत

२. यो जमानत सम्झौताको व्यवस्था मिति २०६२।०८।२० गते नगर विकास कोष र लेखनाथ नगरपालिका बीच सम्पन्न जमानत सम्झौताको अभिन्न अंगका रुपमा रहनेछ ।

३. उल्लेखित थप ऋणको लगानीका विशेष शर्तहरु यसै जमानत सम्झौता बमोजिम र अन्य ऋण असुली तथा प्रावधानहरु कोष र लेखनाथ नगरपालिका बीच मिति २०६२।०८।२० मा सम्पन्न जमानत सम्झौताका शर्त तथा प्रावधानहरु अनुरुप हुनेछन् ।

४ : **सूचना**

यस सम्झौता अन्तर्गत हुने अन्य सम्झौता, अनुरोध पत्र र सूचना लिखित रुपमा हुनेछ । त्यस्तो अनुरोध पत्र र सूचना देहाय बमोजिमको ठेगानामा दिईएमा रीतपूर्वक दिईएको मानिने छ ।

| नगरपालिकाको ठेगाना | कोषको ठेगाना |
| --- | --- |
| लेखनाथ नगरपालिका<br>फोनः<br>इमेल | नगर विकास कोष<br>वागमती अंचल काठमाडौ जिल्ला,<br>काठमाडौ महानरपालिका वडा नं. १०<br>नयाँ बानेश्वर, फोनः०१४४९३८६६<br>ईमेलः tdf@tdf.org.np |

| नगरपालिकाको तर्फबाट | नगर विकास कोषको तर्फबाट |
| --- | --- |
| हस्ताक्षर | हस्ताक्षर |
| नामः रामचन्द्र पौडेल | नामः सुशील ज्ञवाली |
| पदः कार्यकारी अधिकृत | पदः कार्यकारी निर्देशक |
| ठेगानाः ले.न.पा. | ठेगानाः नगर विकास कोष |
| (संस्थाको छाप) | (कोषको छाप) |

**साक्षीहरु**

| | |
| --- | --- |
| हस्ताक्षर | हस्ताक्षर |
| नाम : कुलदिप बराल | नाम : सुवास राज पन्त |
| पदः कोषध्यक्ष | पदः अधिकृत |
| ठेगानाः ले.न.पा.४ | ठेगानाः नगर विकास कोष |

कार्तिक

ईति सम्वत् २०७० साल ~~आश्विन~~ महिना ११ गते रोज २ शुभम्............................ ।